परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक





वर्ष : ४ अंक : ९९ पृष्ठ ४ २०८२ माघ १५ गते, बिहिबार 29 January, 2025 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## ६ महिनामा मात्र मधेशमा
## २ हजार ५७२ जना सम्पर्कविहीन

● टक नेपाल

मधेश प्रदेशमा हराउने (सम्पर्कविहीन) व्यक्तिहरूको संख्या धैरै रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छाबुधबार जनकपुरधामस्थित मधेश प्रदेश प्रहरी कार्यालयद्वारा आयोजित पत्रकार सम्मेलनमा प्रस्तुत एक तथ्यांकले मधेशका जिल्लाहरूमा हराउने व्यक्तिहरूको संख्या भयावह रहेको देखाएको छ।

प्रहरी कार्यालयका प्रवक्ता कमल थापाका अनुसार अन्तिम ६ महिनामा मात्र मधेशमा दुई हजार ५७२ जना हराएका छन्। जसमध्ये पुस महिनामा एक हजार ४४८ जना हराएका हुन्।यसरी हराएकाहरूमध्ये त्यही अवधिमा एक हजार ५०१ जना फेला परेका छन् भने अन्य अझै प्रहरीको सम्पर्कमा आउन सकेका छैनन्। आफ्नो परिवारको सदस्य हराएको भन्दै खोजीका लागि दिएको निवेदनका आधारमा प्रहरीले यो तथ्यांक सार्वजनिक गरेको हो।







# परराष्ट्रमन्त्री बालानन्द शर्माद्वारा
# महोत्तरीका मतदान केन्द्रको अनुगमन




● चन्दन रजक

परराष्ट्रमन्त्री बालानन्द शर्माले फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे जानकारी लिन महोत्तरीको सिमावर्ती क्षेत्रको अनुगमन गर्नुभएको छ । बुधबार सदरमुकाम जलेश्वर आइपुग्नु भएका परराष्ट्रमन्त्री शर्माले सीमावर्ती गाउँ मलिवाडा र नैन्ही स्थित मतदान केन्द्रको स्थलगत निरीक्षण अनुगमन गर्नुभएको हो । अनुगमन पश्चात प्रतिक्रिया दिनु हुँदै मन्त्री शर्माले फागुन २१ गते हुने निर्वाचनको तयारीबारे जानकारी लिन महोत्तरी आएको बताउनुभयो । “महोत्तरी आउनुको मुख्य कारण नेपाल सरकारले निर्वाचनका लागि कुन किसिमको सहयोग गरिदिनु पर्छ, कुनै किसिमको कठिनाई छ कि ? त्यो बुझ्न आएको छुँ”, उहाँले भनुभयो ।

निर्वाचनको अर्को कुनै विकल्प छैन, निर्वाचन गर्नैपर्छ । सुरक्षा अधिकारीलाई निर्वाचन लक्षित निर्देशन दिँदै मन्त्री शर्माले स्वच्छ, भय रहित र निष्पक्ष निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको छ । परराष्ट्रमन्त्री शर्माले जिल्लाका सुरक्षा अधिकारीसँग महोत्तरीमा निर्वाचनलाई लक्षित गरी बनाइएको सुरक्षा योजनाबारे जानकारी समेत लिनुभएको छ ।

मन्त्री शर्मालाई महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव लगायतका सुरक्षा अधिकारीले जिल्लाको चुनावी सुरक्षा तयारीबारे जानकारी गराउनुभएको थियो ।

## मानव बेचबिखन विरुद्ध सचेतना

❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
❖ मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भीयता बुझाउन जरूी छ ।
❖ भातीय सिमा नाकाहरूमा संघ संस्था नागकि समाजसंग मिले निगानी प्रभावकी बनाइनु पदछ ।
❖ अनुसन्धान पद्धतिमा व्यापक सुधा गी विज्ञ समूह खडा गने विशेष अनुसन्धान पद्धति लागू गनि आवश्यक छ ।

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### समृद्धिको मार्ग र सुशासनको परीक्षा

विश्व सूचकाङ्क २०२५ ले नेपाल विकासको सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको स्पष्ट देखाएको छ । भ्रष्टाचार अनुभव, मानव विकास, आर्थिक स्वतन्त्रता र सुशासनसँग सम्बन्धित सूचकाङ्कमा नेपालको कमजोर स्थानले समस्या नीतिको अभावभन्दा बढी कार्यान्वयनको कमजोरीमा रहेको पुष्टि गर्छ। योजना, नीति र प्रतिबद्धता प्रशस्त भए पनि नतिजा अपेक्षित नआउनु राज्य संयन्त्रको मूल चुनौती बनेको छ ।यस पृष्ठभूमिमा कार्यान्वयनमा रहेको सोह्रौँ योजना नेपालको विकास यात्राको महत्वपूर्ण आधार हो । 'समृद्ध नेपाल, सुखी नेपाली' को लक्ष्य प्राप्ति आर्थिक वृद्धिसँगै सामाजिक न्याय, समावेशिता र दिगोपन बिना सम्भव छैन । तर योजना सफल हुन सुशासन अनिवार्य शर्त हो । सार्वजनिक खर्चमा पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, उत्तरदायी प्रशासन र प्रभावकारी सेवा प्रवाह बिना कुनै पनि विकास लक्ष्य कागजमै सीमित हुन्छ।

सङ्घीय संरचनामा रहेका तीन तहका सरकारबीच समन्वय, दक्ष जनशक्ति र डिजिटल प्रणालीको प्रभावकारी प्रयोग अहिलेको आवश्यकता हो। आउँदै गरेको प्रतिनिधि सभा निर्वाचनले यस दिशामा निर्णायक भूमिका खेल्न सक्छ। राजनीतिक दलका घोषणापत्रमा सुशासन स्पष्ट, कार्यान्वयनयोग्य र समयबद्ध प्रतिबद्धतासहित प्रस्तुत हुनुपर्छ। यो निर्वाचन सत्ता परिवर्तन मात्र होइन, सार्वजनिक विश्वास पुनःस्थापनाको अवसर हो ।




# चुनावी मैदानमा हार्दिकता प्रस्तुत गर्दै उम्मेदवार

● नवीन प्रियदर्शी







एक-अर्को दलका उम्मेदवारबिच आरोप-प्रत्यारोपसहित 'बोलचाल बन्द' को स्थितिबाट निर्वाचनमा होमिने गरेका राजनीतिक दल र उम्मेदवारमा यस पटक भने हार्दिकता देखिएको छ।

वि.सं. २०६२/६३ को परिवर्तनपछि कुनै न कुनै रूपमा हु ँदै आएको चुनावी तालमेल र मिलिजुली सरकार गठन गर्ने परिस्थितिले पनि एक-अर्काप्रति नजिक्याएकाले पनि हार्दिकता प्रकट गर्ने वातावरण बनाएको अनुमान गरिएको छ।

नेपाली कम्युनिष्ट पार्टी सिन्धुली निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार लेखनाथ दाहाल एकअर्को दलको नेता तथा कार्यकताप्रति समेत हार्दिकता देखिँदा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मर्यादित र मितव्ययी तुल्याउन सहयोग पुग्ने धारणा रख्छन्।

उनले भने, "नेता तथा कार्यकर्ताबीचको हार्दिकता र शालीनताले चुनावी वातावरण सहज तुल्याउँछ। निर्वाचनलाई खर्चका हिसाबले विशिष्टिकृत नतुल्याइ सामान्य बनाउन जनतामाझ पुगेर अन्तरसंवाद गर्ने, विश्वास दिलाउने र मत माग्ने कार्य गर्नु नै असल अभ्यास हो।"

उनका अनुसार राजनीति सङ्लिँदै गएकाले विगतमा पार्टी कमिटीमार्फत जनतामा पुग्ने गरेको उम्मेदवार अहिले प्रत्यक्ष जनता सहभागी हुने परिस्थिति बनेको छ।भिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताले समेत अरु उम्मेदवारको विचार सुन्ने र बुझ्ने वातावरण मिलेको छ। यसले लोकतान्त्रिक राजनीति संस्कारको विकास भएको देखाउँछ।

"अर्कातर्फ ग्रामीण बस्तीमा प्रभाव कम भए पनि निर्वाचनलाई मितव्ययी बनाउन 'डिजिटल प्लेटफर्म' प्रयोग गर्न सकिन्छ। जनताले पनि सामाजिक सञ्जालमा कसको उपस्थिति राम्रो रहेछ भनी यकिन गरी त्यसैका आधारमा मूल्याङ्कन हुन थालेको अनुमान गर्न सकिन्छ", पूर्वसांसद दाहालले भने।

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मीनेन्द्र रिजाल निर्वाचनको अत्यन्त प्रारम्भिक चरणमा रहेकाले आगामी दिन कसरी अघिबढ्ने भन्ने अहिले नै आकलन गर्न बाँकी नै रहेको बताउँछन्।

उनले भने, "सूचना प्रविधिको प्रयोग गर्नुपर्छ भन्ने ठुलो चेतना छ, तर त्यसको प्रयोग कतिको प्रभावकारी हुन्छ ? मतदाता र उम्मेदवारको भेटघाटको सट्टामा काम गर्छ, अहिलेको आकलन गर्न सकिन्न।"

सहरी क्षेत्रमा सामाजिक सञ्जालको प्रयोग महत्त्वपूर्ण हुने उल्लेख गर्दै नेता रिजालले गाउँघरमा भने मतदाता उम्मेदवारलाई देख्न र भेट्न चाहने बताए। उनले मोरङ क्षेत्र नं १ बाट उम्मेदवारी दिएका छन्।

त्यसैगरी गुल्मी निर्वाचन क्षेत्र नं १ मा एमाले नेता प्रदीप ज्ञवाली र कांग्रेस नेता चन्द्र भण्डारीले त्यसखाले संस्कार प्रस्तुत गर्दै आएका थिए। यस्तै झापामा माओवादी नेता राम कार्की र कांग्रेस नेता विश्वप्रकाश शर्माले पनि एकअर्काप्रति लोभलाग्दो सम्मान व्यक्त गर्दा सबैबाट प्रशंसा भएको थियो।

नेकपा (एमाले) सर्लाही क्षेत्र नं ३ का उम्मेदवार हरिप्रसाद उप्रेती निर्वाचन प्रचारप्रसारमा सामाजिक सञ्जाल र प्रविधिको प्रयोग बढेको प्रतिक्रिया दिन्छन्। उनले भने, "कतिपय उम्मेदवारको स्वभावमा पनि भरपर्ने भएकाले हार्दिकताको विषय त्यससँग जोडिन्छ। तर असल राजनीतिक संस्कार अघि बढेको छ, जसले समाजलाई सकारात्मक सन्देश प्रवाह गरेको छ।"

पूर्वमन्त्री उप्रेतीका अनुसार, चुनावमा खर्च गर्ने प्रवृत्तिमा सुधार आवश्यक छ। गाउँ र समाजको संरक्षण गरेर बसेका निष्ठावान्, सम्पत्ति नभएका मानिस प्रतिस्पर्धा गर्न पाउनुपर्छ। त्यस्ता व्यक्ति नीति निर्माण तहमा पुग्नुपर्छ। राज्यले त्यस्तो वातावरण गर्न सकेन भने राज्य ठीक ढङ्गले अघि बढन सक्दैन। मुख्य कुरा निर्वाचनमा खर्च गर्न नपर्ने प्रणालीको विकास गर्नुपर्ने छ।

राष्ट्रिय जनता दल नेपालका तर्फबाट सर्लाही क्षेत्र नं १ का उम्मेदवार रामप्रकाश चौधरी यसअघिको निर्वाचनमा एक अर्कालाई देखे/नदेखेजस्तो गर्ने प्रवृत्ति अहिले आफूले महसुस नगरेको बताए।

"पहिलेजस्तो तनाव र पानी बाराबारको स्थिति अहिले छैन, हार्दिककता साटासाट गरेर नै चुनावी माहोल अघि बढिरहेको छ। विगतको जस्तो जुलुस लिएर घर दैलो गर्ने कार्य निकै कम छ", उनले भने, "जनताका केही गुनासो छ। पाँच वर्षका लागि पठाएको किन फर्केर आएको भन्ने प्रश्न सुन्न परेको छ।"

जिल्लाका मतदाता प्रविधिसँग अभ्यस्त नभइसकेकाले सम्पूर्ण चुनावमा प्रविधिमय भइहाल्छ भन्ने हुन्न। सहरी क्षेत्रमा यसको सदुपयोग र दुरूपयोग दुवै छ। असल अभ्यासलाई आत्मसात् गर्नुपर्छ तर प्रविधिको प्रयोगको पाटोमा जाँदा त्यसमा पनि खर्च गर्नुपर्ने अवस्था छ।

नागरिक उन्मुक्ति पार्टी नेपालकातर्फबाट बर्दिया निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार अब्दुल खान जिल्लाका सबै निर्वाचन क्षेत्रमा भाग लिने राजनीतिक दल र उम्मेदवारबिच सौहार्दता रहेको बताए।

उनले भने, "एकले अर्काप्रति आरोप प्रत्यारोप नगरी जनता नै सर्वोपरि हुन् भन्ने भावनाले मतदाता भेटघाट चलाएको र निर्वाचनको तयारीमा जुटिरहेको अवस्था छ।"

उम्मेदवारी दर्ता गराउँदा कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमुक्ति पार्टीका उम्मेदवारले सँगै उभिएर तस्वीर खिचाएको दृष्टान्त दिँदै उहाँले भने, "जनताको हातमा फैसला छ, जनता निकै सचेत छन्, निर्णय गर्न जनतालाई छाडेका छौँ। हामीबिच कुनै तित्तता छैन।"

निर्वाचनको प्रसारप्रसारमा सामाजिक सञ्जालले धेरै सजिलो पुऱ्याए पनि केही व्यक्तिले त्यसको दुरूपयोग गरी व्यक्ति विशेषलाई लक्षित गरी बदनाम गर्ने प्रवृत्ति सच्याउनुपर्ने उनको भनाइ छ।



# मधेसमा एक हजार २३७ मतदान स्थल अति संवेदनशील, कुन जिल्लामा कति ?

● टक नेपाल

प्रतिनिधि सभाको आसन्न निर्वाचनका लागि मधेस प्रदेशमा चार हजारभन्दा बढी मतदान केन्द्र निर्धारण गरिएको छ। प्रदेशको ८ वटै जिल्लामा ४ हजार ४७१ मतदान केन्द्र निर्धारण गरिएको हो।

निर्वाचनलाई शान्तिपूर्ण रूपमा सफल बनाउन प्रहरीले निर्वाचन सुरक्षा योजना तयार पारेको छ। सबै जिल्लाका मतदान स्थल निरीक्षणपछि प्रहरीले सुरक्षा चुनौतीको अवस्थाका आधारमा तिनलाई तीन भागमा वर्गीकरण गरेको छ।जे नजी मुभमेन्टपछि सुरक्षा चुनौतीको दृष्टिकोणले मतदान स्थललाई प्रहरीले सामान्य, संवेदनशील र अति संवेदनशील गरी तीन भागमा वर्गीकरण गरेको हो।

मधेस प्रहरीका अनुसार ८ वटै जिल्लाका कुल मतदान केन्द्रमध्ये खासगरी सुरक्षा चुनौती रहेका स्थलहरूलाई तीन भागमा वर्गीकरण गरेर त्यसैअनुरुप सुरक्षा रणनीति तयार पारिएको प्रहरीको भनाइ छ। सुरक्षा चुनौती भएको केन्द्रलाई अति संवेदनशील र नभएको ठाउँको मतदान स्थललाई सामान्य वर्गीकरणमा राखिएको मधेस प्रहरीले जानकारी दिएको छ।

प्रहरीका अनुसार मधेसका एक हजार २३७ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ। प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अति संवेदनशील वर्गीकरण गरिएको मधेस प्रहरी प्रमुख एवं डीआइजी गोविन्द थपलियाले बताए। उनका अनुसार ८ वटै जिल्लामा कुल १६० मतदान केन्द्रलाई मात्रै सामान्य वर्गीकरणमा राखिएको छ।

कुन जिल्लामा कति मतदान स्थल अति संवेदनशील ?

पर्साबाहेक मधेसका ७ जिल्लाका विभिन्न मतदान केन्द्र अति संवेदनशील वर्गीकरणमा छन्। सुरक्षाको दृष्टिकोणले सप्तरी जिल्लाका मतदान केन्द्र सबैभन्दा बढी 'रेड जोन'मा राखिएको छ।यहाँको २९६ मतदान स्थलमध्ये २०९ वटा मतदान स्थल अति संवेदनशीलको सूचीमा राखिएको मधेस प्रहरीले जनाएको छ।

यसैगरी सिराहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ र बाराका १४५ मतदान स्थल अति संवेदनशील सूचीमा राखिएको मधेस प्रहरीले जानकारी दिएको छ।

प्रदेशका ८ वटै जिल्लामा ७६३ वटा मतदान स्थललाई संवेदनशीलको सूचीमा राखिएको छ। सर्लाहीमा सबैभन्दा बढी १३१ मतदान स्थल संवेदनशील सूचीमा छन्।

एकीकृत सुरक्षा योजना अनुसार अति संवेदनशील, संवेदनशील र सामान्य मतदान स्थलमा सुरक्षाकर्मीको व्यवस्था गरिने मधेस प्रहरी प्रमुख थपलिया बताउँछन्।




मधेसमा मात्रै ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटिँदै

सुरक्षा चुनौती भएको मतदान स्थलमा सोही अनुसार प्रहरी परिचालन गर्ने रणनीति तयार पारिएको छ। ८ वटै जिल्लामा व्यापक संख्यामा नेपाल प्रहरी, निर्वाचन प्रहरी, सशस्त्र प्रहरी र सेना परिचालन गरिने तयारी गरिएको छ। सुरक्षाका तीन वटै निकायबाट गरी मधेसमा ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटाइने तयारी गरिएको जनाइएको छ।

मधेस प्रहरीका अनुसार मतदान केन्द्रको भित्री घेरामा नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन गरिनेछ। त्यसपछिको बाहिरी घेरामा सशस्त्र प्रहरी र सबैभन्दा बाहिरी घेरामा नेपाली सेना खटाइने सुरक्षा योजना बनाइएको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

मधेसका ८ वटै जिल्लामा करिब ४० हजार नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन गरिने तयारी गरिएको मधेस प्रहरीले जनाएको छ।

यसैगरी सशस्त्र प्रहरीबाट १० हजार प्रहरी खटाउने तयारी गरिएको सशस्त्र प्रहरी बल मधेस प्रदेशले जनाएको छ। यसको अलावा नेपाली सेना पनि परिचालन हुने छ।

मधेसमा सेना कति खटाउने भन्ने निर्धारण हुन बाँकी रहेको सैनिक स्रोतले जनाएको छ। एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार सेना परिचालन हुने नेपाली सेनाले जानकारी दिएको छ।

## नक्कली नोटको जोखिम बढेपछि सतर्क रहन संघको आग्रह

● टक नेपाल



वीरगन्ज बजार क्षेत्रमा पछिल्लो समय नक्कली नेपाली रुपैयाँका नोट देखिन थालेपछि वीरगन्ज उद्योग वाणिज्य संघले गम्भीर चिन्ता व्यक्त गरेको छ। संघले मंगलबार विज्ञप्ति जारी गर्दै उद्योगी, व्यवसायी र सर्वसाधारणलाई नगद कारोबार गर्दा विशेष सतर्कता अपनाउन आग्रह गरेको हो।संघका अध्यक्ष हरिप्रसाद गौतमद्वारा हस्ताक्षरित विज्ञप्तिमा समयमै सचेत नहुने हो भने नक्कली नोटको समस्याले भविष्यमा गम्भीर तथा विकराल रूप लिन सक्ने जोखिम रहेको उल्लेख छ। 'नगद कारोबार गर्दा नोट राम्ररी जाँच गरेर मात्र लेनदेन गर्न अनुरोध गर्दछौं,' विज्ञप्तिमा भनिएको छ। नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डअनुसार नक्कली नोट चिन्ने विभिन्न संकेत रहेको संघले जनाएको छ। नोटको कागज अत्यधिक चिल्लो हुनु, रङ असामान्य रूपमा गाढा वा फिका देखिनु, सुरक्षा धागो बाहिरबाट टाँसिएको जस्तो देखिनु, प्रकाशतर्फ पारेर हेर्दा आवश्यक चिह्न नदेखिनु जस्ता लक्षण देखिएमा नोट शंकास्पद हुन सक्ने विज्ञप्तिमा उल्लेख गरिएको छ।

संघले सम्भव भएसम्म नगदको सट्टा विद्युतीय माध्यमबाट कारोबार गर्नसमेत आग्रह गरेको छ। नक्कली नोटको प्रयोगले आर्थिक अपराध बढ्नुका साथै व्यक्तिगत तथा संस्थागत क्षति हुन सक्ने भन्दै सबै पक्षलाई जिम्मेवार र सचेत बन्न विज्ञप्तिमा अनुरोध गरिएको छ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन्। त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन्। यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं। ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं। स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं। हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं। पर्यटक हाम्रा पाहुना हुन्। स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं।

औरही नगरपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ेिगहरुको विशेषज्ञ डाक्टरहुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# बारामा आमाछोराको निर्मम हत्या, तीनजना घाइते



• टक नेपाल

बारा जिल्लाको परवानीपुर गाउँपालिका-१, रहरियाडी टोलमा एकै परिवारका आमाछोराको हत्या भएको छ। अज्ञात व्यक्तिको आक्रमणबाट ५२ वर्षीया आमा र उहाँका ३२ वर्षीय छोरा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीका अनुसार बुधबार बिहान करिब ३ बजे अज्ञात व्यक्तिले धारिलो हतियार प्रयोग गरी मण्डल थरका परिवारमाथि आक्रमण गरेका थिए। उक्त घटनामा सोही परिवारका थप तीन जना गम्भीर घाइते भएका छन्।

घाइते तीन जनाको परवानीपुरस्थित एलएस न्युरो अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक बिजयराज पण्डितले जानकारी दिनुभयो। घाइतेहरुको स्वास्थ्य अवस्थाबारे विस्तृत विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ।

हत्या कसले र किन गरेको भन्ने विषयमा हालसम्म खुल्न नसकेको र घटनाबारे गहिरो अनुसन्धान भइरहेको प्रहरीले बताएको छ। यद्यपि अनुसन्धान प्रभावित हुन सक्ने भन्दै प्रहरी स्रोतले थप विवरण दिन अस्वीकार गरेको छ।

घटनापछि स्थानीय क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ भने प्रहरीले सम्भावित जोखिमलाई मध्यनजर गर्दै सुरक्षा सतर्कता कडा बनाएको जनाएको छ।

## महोत्तरीमा जेनजीको
# राजनीतिक प्रवेश, आठ युवा उम्मेदवार

• अजय शाह




महोत्तरीको राजनीतिक परिदृश्य यसपटक केही फरक देखिएको छ। प्रतिनिधिसभा निर्वाचनका लागि दर्ता भएका उम्मेदवारहरूको सूचीले पछिल्लो समय देशभर उठेको 'जेनजी' अर्थात् नयाँ पुस्ताको राजनीतिक चेतनालाई आंशिक रूपमा प्रतिबिम्बित गरेको छ। विशेषगरी गत भदौ महिनामा भएको नवयुवाहरूको आन्दोलनपछि युवाहरूले राजनीति प्रत्यक्ष हस्तक्षेप गर्नुपर्ने आवाज उठाउँदै आएका थिए, जसको असर महोत्तरीमा पनि देखिएको छ।

यद्यपि, जेनजी अभियानकर्मीहरूका अनुसार यो प्रतिनिधित्व पूर्ण रूपमा सन्तोषजनक भने छैन। उनीहरू भन्छन्, "सूचीमा केही युवा नाम देखिनु सकारात्मक सङ्केत हो, तर अझै पनि पहुँच र प्रभाव भएकाहरू नै प्राथमिकतामा परेको अनुभूति हुन्छ।" यसअघि केही नयाँ र पुराना राजनीतिक दलहरूले समानुपातिकतर्फ प्रस्तुत गरेका उम्मेदवारहरूको सूचीमा पनि जेनजी आन्दोलनको भावना समेटिएको देखिए पनि ती नामहरू अधिकांशतः राजनीतिक पहुँच भएकै व्यक्तिहरू थिए।

प्रतिनिधिसभा निर्वाचनमा महोत्तरीबाट आठ जना जेनजी पुस्ताका युवाहरू प्रत्यक्ष रूपमा चुनावी मैदानमा उत्रिएका छन्। निर्वाचन आयोगको तथ्याङ्क अनुसार तीमध्ये छ जना स्वतन्त्र उम्मेदवार हुन् भने दुई जना विभिन्न राजनीतिक दलबाट उम्मेदवार बनेका छन्। यो सङ्ख्या सानो देखिए पनि स्थानीय राजनीतिक इतिहासका हिसाबले महत्त्वपूर्ण मानिन्छ।

क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारका रूपमा शिव नारायण महतो र सचिन महतो चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। क्षेत्र नम्बर २ मा राज गुरु यादवले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ। क्षेत्र नम्बर ३ बाट 'नेपालका लागि नेपाली पार्टी'का तर्फबाट रजनिश राज पाण्डेय उम्मेदवार बन्नुभएको छ। क्षेत्र नम्बर ४ मा जनता लोकतान्त्रिक पार्टी नेपालका तर्फबाट शिव शंकर कुमार शर्मा उम्मेदवार हुनुहुन्छ भने यही क्षेत्रबाट स्वतन्त्र उम्मेदवारका रूपमा गंगाप्रसाद यादव, विनोदकुमार मण्डल र सुकेशकुमार यादव चुनावी मैदानमा हुनुहुन्छ।

यी युवा उम्मेदवारहरूको साझा विशेषता भनेको पुरानो राजनीतिक शैलीप्रति असन्तुष्टि र नयाँ सोचसहितको हस्तक्षेप हो। उहाँहरु सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य र स्थानीय विकासलाई प्रमुख एजेन्डा बनाउँदै मतदातासामु पुग्नुभएको छ। धेरैजसो उम्मेदवार सामाजिक सञ्जाल, प्रत्यक्ष भेटघाट र सामुदायिक छलफलमार्फत मतदातासँग संवाद गरिरहनुभएको छ, जुन परम्परागत राजनीतिभन्दा फरक अभ्यास मानिन्छ।

राजनीतिक विश्लेषकहरूका अनुसार जेनजी उम्मेदवारहरूको उपस्थिति जित-हारभन्दा पनि दीर्घकालीन रूपमा राजनीतिक संस्कार परिवर्तनको सङ्केत हो। "यी युवाहरूले जिते वा नजिते पनि उनीहरूको सहभागिताले आगामी निर्वाचनमा अझ बढी युवालाई प्रेरित गर्नेछ," एक स्थानीय विश्लेषक बताउनुहुन्छ।

महोत्तरीमा देखिएको यो परिवर्तन सानो भए पनि अर्थपूर्ण छ। यसले राजनीतिमा पुस्तान्तरणको बहसलाई बल दिएको छ र जेनजी पुस्ता अब सडक आन्दोलनबाट मात्र होइन, मतदान र उम्मेदवारीमार्फत पनि आफ्नो आवाज स्थापित गर्न खोजिरहेको स्पष्ट देखिन्छ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिबास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



महोत्तरी गाउँपालिका,महोत्तरी

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014